हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




बर्ष : ०१ अंक : ५५ पृष्ठ : ४ २०७७ भदौ २३ गते मंगलबार (Tuesday 8 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*कोरोना संक्रमण दर बढ्दो*

# कोरोना संक्रमणबाट सिरहामा २ को मृत्यु

**• *मृत्यु हुनेको संख्या ९ पुग्यो***

लहान । सिरहामा कोरोना संक्रमणबाट दुई दिनमा दुईजनाको मृत्यु भएको छ । कोरोना पुष्टि भएका सिरहाको मिर्चैया नगरपालिका–५ का ६२ र गोलबजार नगरपालिका–३ जमदहका ७७ वर्षिय पुरूषको मृत्यु भएको हो ।

मिर्चैयाका ग्यास व्यवसायी समेत रहेका पुरूषको उपचारको क्रममा आइतबार राती जनकपुरको प्रादेशिक अस्पताल र अर्का गोलबजारका ७७ वर्षिय पुरूषको काठामाडौंमा उपचारको क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सिराहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । मिर्चैयाका मृतक ६२ वर्षीय पुरूष मधुमेह र उच्च रक्तचापका बिरामी भई केही दिनदेखि ज्वरो आएको थियो ।

चिकित्सकका अनुसार आइतबार बिहान ४ बजे अस्पतालमा भर्ना भएका उनको अक्सिजन लेभल ५० प्रतिशतभन्दा कम थियो । भेन्टिलेटरमा राखेर उपचार सुरू गरेको केही घण्टामै मृत्यु भएको थियो ।


पहिला घरमै चिकित्सकको परामर्शमा उपचार गर्दा निको नभएपछि शनिबार फूलकुमारी मेमोरियल अस्पताल कर्जन्हा पुगेका थिए । कर्जन्हामा पीसीआर परीक्षणका लागि स्वाब लिएर प्रयोगशाला पठाउँदा रिपोर्ट कोरोना पोजेटिभ आएको थियो । ईलाका प्रहरी कार्यालय मिर्चैयाको उत्तरपट्टीको घरमै उनले ग्यासलगायतका व्यपार संचालन गर्दै आएका थिए । उनको शव व्यवस्थापनका लागि तयारी भैरहेको मिर्चैयाका नगर प्रमुख श्रवण यादवले बताए । यससँगै मिर्चैयामा तीन जनाको कोरोना संक्रमणबाट मृत्यु भैसकेको छ भने सिरहामा कोरोनाबाट मृतकको संख्या ९ पुगेको छ ।

**सिरहामा ५४ जना संक्रमित थपिए**

सिरहामा सोमबार एकैदिन सबैभन्दा बढी ५४ जनालाई संक्रमणको पुष्टि भएको छ । संक्रमण हुनेमा लहान नगरपालिकाको कर्मचारीदेखि नेपाली सेनामा कार्यरत समेत छन् । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले सोमबार आएको परिक्षण प्रतिवेदन अनुसार, चोहर्वास्थित नेपाली सेनाको ब्यारेकका २८ जना संक्रमण पुष्टि भएको जानकारी दिए । योसमेत गरी सैनिक ब्यारेकमा संक्रमित हुनेको संख्या ३९ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सिरहामा पनि एक जना प्रहरी संक्रमित भएको जनाइएको छ ।

यसैगरी, लहान नगरपालिकाका एक कर्मचारीसहित लहानमा १० जना, गोलबजारका आठ जना, बरियारपट्टीका पाँच जना तथा नरहाका दुई जना संक्रमित भएका छन् । सिरहामा पछिल्ला केही दिनदेखि स्थानीय तहले समेत आफैं भिटिएम खरीद गरी समुदायस्तरमा कोरोना परिक्षण गर्न थालेपछि सोमबार एकैदिन अहिलेसम्मकै सबैभन्दा बढी संक्रमित फेला परेको हो ।

सोमबार संक्रमित भएका ५४ जनासमेत गरेर सिरहामा संक्रमितको संख्या ५४३ पुगेको छ । त्यसमध्ये ३५५ जना संक्रमणमुक्त भइसकेको स्वास्थ्य कार्यालयले जनाएको छ । हाल सिरहामा १७९ जना सक्रिय संक्रमित रहेका छन् । योसमेत सिरहामा कोरोना संक्रमणको कारण मृत्यु हुन पुगेको संख्या ९ पुगेको छ ।




सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौ, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुर र गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल, राजविराजबाट आज मिति २०७७/०५/२२ गते प्राप्त कोरोना संक्रमित पुष्टि भएकाहरुको विवरण:

| जिल्ला | स्थान | वार्ड नं. | महिला | उमेर | पुरुष | उमेर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सिरहा | धनगढीमाई न.पा. | ४, १० | ० | | २ | २९ र ४२ वर्ष | २ |
| | गोलबजार न.पा. | २, ३, ४, ८ | ३ | १८, २४, ६५ वर्ष | ४ | ३४, ४५, ५५, ५९ वर्ष | ७ |
| | गोलबजार न.पा.(TUTH मा उपचाररत) | ३ | ० | | १ | ७७ वर्ष | १ |
| | सुखिपुर न.पा. | ९ | ० | | १ | ५५ वर्ष | १ |
| | मिर्चैया न.पा. | ६ | ० | | २ | ५० र ६० वर्ष | २ |
| | बरियारपट्टी गा.पा. | ३ | १ | २८ वर्ष | ४ | ७, ३०, ३२, ३८, वर्ष | ५ |
| | नरहा गा.पा. | १ | ० | | २ | १८ र १८ वर्ष | २ |
| | लहान न.पा. | | ३ | ३८, ५५, ५६ वर्ष | ६ | १४ देखि ६५ वर्ष | ९ |
| | ठाँउ नखुलेको | | २ | उमेर नखुलेको | २५ | उमेर नखुलेको देखि ४० वर्ष | २७ |
| | सिरहाको जम्मा: | | ९ | | ४७ | | ५६ |





प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हिजो सम्मको जम्मा: | १७६१ | | ९३७९ | | १११४० |
| | आज सम्मको जम्मा: | १७८१ | | ९४८० | | ११२६१ |

आज पुष्टि भएका संक्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको र वहाँहरु स्वास्थ्यकर्मीको सम्पर्कमा रहनु भएको छ । हाल सम्म मृत्यु भएकाहरुको संख्या १०६ जना (धनुषा १२, महोत्तरी ११, सिरहा १०, सप्तरी ८, सर्लाही ५, रौतहट ५, बारा १५, पर्सा ३९, भारतीय १) जसमा पुरुष ९० र महिला १६ रहेका छन् ।

**आज मृत्यु हुनेहरुमा सर्लाही जिल्लाको चक्रघट्टा गा.पा.- ३ को एक जना ३५ वर्षको पुरुष (नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंजमा प्लाज्मा थेरेपीबाट उपचाररत), चक्रघट्टा गा.पा.- ३ सुन्दरपुरको एक जना ४० वर्षको पुरुष (नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंजमा उपचाररत), सिरहाको गोलबजार न.पा.- ३ को एक जना ७७ वर्षको पुरुष, सिरहाको मिर्चैया न.पा.- ६ को एक जना ६० वर्षको पुरुष र पर्साको वीरगंज-३०, लालपर्साको एक जना ५४ वर्षको पुरुषगरी जम्मा ५ जना रहेका छन् ।**

साथै आज जम्मा ९२ जना (७५ पुरुष, १७ महिला) निको भई घर फर्केका छन् ।

**अध्यावधिक मिति :- २०७७/०५/२२ गते ४:०० बजे**

विजय कुमार झा
ब.जनस्वास्थ्य प्रशासक
नि. निर्देशक

## प्रदेश २ मा कोरोनाबाट २४ घण्टामा ५ को ज्यान गयो

लहान । कोरोना संक्रमणबाट प्रदेश २ मा पछिल्लो २४ घण्टामा ५ जनाको ज्यान गएको छ ।

सिरहाका २ जना, सर्लाहीका २ जना र पर्साका १ जनाको ज्यान गएको हो । सामाजिक विकास मन्त्रालयका अनुसार सिरहा गोलबजार ३ का ७७ वर्षीय पुरूष र मिर्चैया नगरपालिका ६ का ६० वर्षीय पुरूषको ज्यान गएको छ ।

यस्तै सर्लाहीको चक्रघट्टा गाउँपालिका ३ का ३५ वर्षीय पुरूष, चक्रघट्टा गापा ३ कै सुन्दरपुरका ४० वर्षीय पुरूष र पर्साको वीरगन्ज महानगरपालिका ३० लालपर्साका ५४ वर्षीय पुरूषको पनि कोरोनाले नै ज्यान लिएको छ ।

योसँगै प्रदेश २ मा कोरोनाले ज्यान गुमाउनेको संख्या १०६ पुगेको छ । मृतकमध्ये १६ जना महिला र ९० जना पुरूष रहेको सामाजिक विकास मन्त्रालयाले जनाएको छ ।

**भित्री पृष्ठमा**

राष्ट्रियता : नेपालको सन्दर्भमा
पेज २ मा

सावधानीपूर्वक शैक्षिक संस्था चलाउनुपर्छ
पेज ३ मा

स्थानीय तह र कोभिड व्यवस्थापन
स्तम्भ : पालिका बहस
पेज ४ मा

**श्री पशुपति आर्दश मा.वि.**
लहान मटियर्वा–७, सिरहा

**भर्ना सम्बन्धी सूचना**

**कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !**

**संकायहरु**
१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी

- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।

**समय : विहान ६:०० - १२:०० बजे सम्म**

**सम्पर्क नं.**
प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३-५६०२१३




**फ्रेन्डस मोडल हसिपटल, लहान-३**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा

**डाक्टरहरु**
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## दलित चेलीको अदम्य साहसको कदर गरौं

साहसी दुः ख, दुखाइ, खतरा, अनिश्चितता, वा धम्कीको सामना गर्ने छनौट र इच्छा हो । शारीरिक साहस शारीरिक पीडा, कठिनाइ, मृत्यु वा मृत्युको जोखिममा बहादुरी हो, जबकि नैतिक साहसी लोकप्रिय विरोध, शर्म, घोटाला, निरुत्साहित, या व्यक्तिगत हानिको सामनामा कार्य गर्ने क्षमता हो ।

यो संसारमा कोही पनि यस्तो व्यक्ति छैन जसले आफ्नो साहस र आत्मविश्वास बढाउन नचाहेको होस । आफूले आफैलाई विश्वास गर्नु हो आत्मविश्वास भनेको । आत्मविश्वास र साहस बढाउन हामी सबै चाहन्छौ । हाम्रो अबचेतन मनमा त्यो चाहना रहेको हुन्छ । किनकि हामी सबैलाई थाहा छ, सबै प्रकारका प्रतिकुल परिस्थिति, घटना र चुनौतिहरूसंग लड्न हामीलाई आत्मविश्वास र साहस चाहिन्छ ।

हरेक व्यक्ति साहसिलो र आत्मविश्वासिलो बन्न चाहन्छ तर विभिन्न कारणले गर्दा बन्न सकिरहेको हुँदैन । हामी अरुलाई त राम्रोसंग विश्वास गर्छौं र गरिरहेका पनि हुन्छौं तर आफूलाई विश्वास धेरै कम मानिसहरुले मात्र गरेका हुन्छन् । जस्ले आफूलाई विश्वास गरेका हुन्छन् त्यस्ता व्यक्ति नै सफल र समृद्ध भएका छन् । अरुलाई विश्वास गर्ने कुरा हामीलाई राम्रोसंग थाहा छ । म त्यो मानिसलाई विश्वास गर्छु, म भगवानलाई विश्वास गर्छु, यस्तो कुरा हामी भनिरहेका हुन्छौं । आफूभन्दा बाहिरका सबैप्रति विश्वास हुन्छ तर जब आफैप्रति पूर्णरूपमा विश्वास गर्ने कुरा आउँछ तब आत्मविश्वासको कुरा आउँछ ।

जब आफूप्रति विश्वास बढ्छ तब साहस र आँट पनि स्वतः बढेर आउँछ । आफूलाई विश्वास नगरिकन मानिस जीवनमा धेरै अगाडि बढ्न सक्दैन । भौतिक जगतमा सफल र समृद्ध हुन सक्दैन र अध्यात्ममा पनि अगाडि बढ्न सक्दैंन । सबै कुरामा परनिर्भर भएको मानिस बन्धनले बाँधिएको पशु जस्तो हुन्छ र शारीरिक र मानसिक रूपमा पनि अपाङ्ग जस्तै हुन्छ । म आफूलाई कत्तिको भर गर्न सक्छु, म भित्र आत्मबल, साहस र शक्ति कति छ भनेर जान्नका लागि आफूलाई जाँच्नुपर्छ, आफूतिर फर्केर हेर्नु पर्छ ।

तराई मधेसका साहसिक शान्ति सदा र सुमन मल्लिकले आफ्नो जीवनलाई स्वर्णीम बनाउने क्रममा यही परीक्षण समाजमा गरेकि छन् । तराईमा व्याप्त घुम्टो प्रथा, दहेज प्रथा अनि अझ दलित समुदायमैं पनि सबैभन्दा बढी बालविवाह हुने डोम त्यसपछि मुसहर समुदायकी ती चेलीहरुको अदम्य साहस साच्चै नै कदर योग्य छ । अनि समाजका लागि उदाहरणीय पनि ।

नेपाली समाजमा छोरा र छोरीमा अझै विभेद कायम छ । दिनभरी भाषणमा छोरा/छोरी र छोरी/बुहारी बराबर हुन भन्नेले पनि साँझमा विभेद गरेका उदाहरणहरु धेरै छन् । सामान्यतः नेपाली समाजको परम्परा नै हो 'छोरालाई काख, छोरीलाई पाखा' । नेपाली मौलिक तीजका गीतमा समेत भनिएको छ, 'नौ भाइ छोरा भए पनि एउटै घरमा अटाउने, म एक्ली छोरीलाई डाँडै कटाउने ।' साच्चिकै अहिलेको अवस्थामा आइसक्दा पनि छोरीले बुहारी भएर पराइ घर जानै पर्ने बाध्यता छ । कोही पनि छोरीले ज्वाइँलाई आफ्नो घरमा ल्याएर राख्ने आँट गरेका छैनन् । छोरा र छोरीमा हुने विभेद जस्तै छोरी र बुहारीमा हुने विभेद त झन गहिरो छ । सासु बुहारी भने झगडाको परिपूरक सम्झिने गर्छन अहिले पनि नेपाली समाजले । नेपाली समाजमा भएको यो विभेदसँगै मुसहर समुदायमा त यसको प्रभाव अझै कति छ कति । तर, मुसहर समुदायमा भएको विभेदको घुम्टो उघारेकी छन् शान्ति सदाले । छोरी पठाउनु हुन्न, बुहारीले अरुलाई मुख देखाउनु हुन्न भन्ने मान्यता रहेको मुसहर समुदायकी शान्ति त्यस्ती पात्र हुन् जसले स्नातकसम्मको अध्ययन पूरा गरेकी छन् ।

अर्का उदाहरणकी पात्र हुन सुमन मल्लिक । यस जिल्लामा डोम सुमदायबाट उच्च शिक्षा पढ्ने पहिलो छोरी हुन् । 'हाम्रो समुदायमा पढे लेखेको कमै छन, झन छोरीलाई पढाउँदै पढाउँदैनन्,' सुमनकैं शब्दमा 'तर, आफू पढेर डोम समुदायको उदाहरणीय छोरी बन्न सकेभने अरु छोरीले पनि पढ्न पाउँछ ।' तसर्थ शान्ति र सुमनको अदम्य साहसलाई कदर गर्दै हरेक समुदायले विभेदभन्दा छोरा र छोरीलाई समान रुपमा शिक्षा दिन जरुरी छ । जसले भोलीका दिनमा गर्विलो सुनौलो भविष्य कोर्न सफल होस ।

# राष्ट्रियता : नेपालको सन्दर्भमा

**बिपी कोइराला राजनीतिक अभिलेख**

*बाँकी अंश*

अङ्ग्रेजहरूले ब्रिटिस साम्राज्यको स्थापनाको प्रक्रियामा आफ्नो बृहत्तर स्वार्थको हितलाई ध्यानमा राखेर हिन्दुस्तानको आर्थिक दृष्टिले लोभलाग्दो अधिकांश भागलाई त आफ्नो कब्जामा पारे, बाँकी रहेका भागका सम्बन्धमा पनि स्थानीय शासकहरूसँग विभिन्न प्रकारको सन्धि गरे । नेपालसँग पनि सन् १८१६ मा सुगौली–सन्धि भएको थियो । ती सन्धिहरू कुन अर्थमा समेत असमान थिए भने ती सन्धिद्वारा देशी शासकलाई धेरथोर लाभ प्राप्त भएको भए पनि तद्नुरूप उनीहरूले टक्रयाउनुपर्ने सम्मान, शक्ति र तोपको सलामीको सङ्ख्या निर्धारित गरिएको थियो । यसरी अङ्ग्रेजले श्रेणीबद्ध ढङ्गले भारतीय भूगोलमा रहेका राज्यमा सम्बन्धको एउटा जाल बुनेर राखेका थिए । उनीहरूले त्यस अवस्थामा नेपाललाई सबभन्दा ठूलो र सम्मानित स्थान दिएका थिए । अनि क्रमशः निजाम, कस्मिर, बडौदा आदिको स्थान आउँथ्यो । सुगौलीको सन्धिले गोरखा राज्यविस्तारको अभियान समाप्त पाऱ्यो । गोरखा राज्यको विस्तार राष्ट्रिय एकताको अभियान थिएन । त्यस समयका शासकहरू न नेपाली राष्ट्रिय भावनाले प्रेरित थिए, न त गोरखा राज्य विस्तारको यन्त्र, गोरखा पल्टनका सिपाही वा अफिसरहरू नै राष्ट्रवादी थिए । गोर्खाली राजाहरूले विजय अभियान प्रारम्भ गरेका थिए र तिनीहरूको चरित्र राष्ट्रिय नेताको होइन, विजेताको थियो । तसर्थ, विजित देशहरूका राजा र प्रदेशहरूसँग कहिल्यै कोमल व्यवहार गरिएन । काठमाडौँका नेवार प्रजाहरूलाई अद्यापि त्यसको गुनासो छ ।

सुगौलीको सन्धिले राष्ट्रको निर्माण गरेन, नेपाल देशको भूगोल मात्र निर्धारित गऱ्यो । हो, त्यस दिनदेखि भविष्यको बृहत्तर नेपाली समाजको एउटा आफ्नो निश्चित थलो भने बन्यो । एउटा देशको गठन भयो । यस निर्धारित र निश्चित भूभागमा बस्ने यावत् जातिहरू, विभिन्न धर्मावलम्बीहरू र अनेक भाषाभाषीहरूको एउटा देश नेपालको उदय भयो । गोरखा शासक तथा तिनका अनुयायीहरूको विजय–अभियानको परिणामस्वरूप र साथसाथै अङ्ग्रेज विदेशी विजेताहरूको अभियानसाग जुध्न पुगेर बन्न गएको नेपाल देशको इतिहास सन् १८१६ को सुगौली–सन्धिबाट प्रारम्भ हुन्छ ।

त्यसपछि राष्ट्रियताको उदयका लागि सामग्री तयार भयो ।

१. एउटै राजाको मातहतमा देशभरि एक किसिमको शासन व्यवस्था कायम भयो,

२. देशभर व्याप्त शासन व्यवस्थाको सञ्चालनको भाषा–माध्यम नेपाली भाषा भयो ।

प्रशासकीय एकताको सन्दर्भमा नेपाली भाषाको उदयको इतिहासको अध्ययन हुनसक्ने हुनाले राष्ट्रियताको लागि तयार भएका प्रारम्भिक सामग्रीहरूको चर्चा गर्दा प्रशासकीय एकताअन्तर्गत नेपाली भाषाको व्यापक प्रयोगको चर्चा गर्न सकिन्छ । यसरी, दुई प्रकारका सामग्रीहरूको चर्चा गर्नुको सट्टा एउटै मूल सामग्रीको चर्चा गरे पनि पुग्छ । अर्थात, सन् १८१६ मा नेपाली राष्ट्रियताको उदयका लागि गोर्खाली राजाहरूको विजय अभियानको एउटा अप्रत्यासित माध्यम फेला पऱ्यो । कुनै पनि विजेताले देशहरूमाथि विजय हासिल गरिसकेपछि आफ्नो लक्षण र गुण कायम राख्दै विजित देशहरू वा भू-भागहरूमाथि आफ्नो प्रशासन–यन्त्र कायम गर्नुपर्छ । शाह शासकहरूले पनि त्यही काम गरे । तिनीहरूले विजित नेपाली भू-भागमा आफ्नो प्रशासन कायम गरे, तर विजेताको आफ्नो लक्षण र गुण–दोषलाई कायमै राखे । २०० वर्षपछि आजसम्म पनि नेपालका राजाले विजेताको आफ्नो स्वरूप छाड्न सकेका छैनन् । र, जनता पक्षकाले प्रजाको अधिकारको चर्चा गर्दा वा अधिकारका लागि आवाज उठाउँदा वा राजा र प्रजाका प्रतिनिधिहरू एउटै थलोमा उभिनुपर्छ भन्ने कुरा गर्दा उनीहरूले उल्टै राजाको दमनको सिकार हुनुपर्छ । कतिपय दरबारियाहरूले राजाले जनतालाई दमन गर्ने अभियानमा पल्टनको प्रयोग गर्दा राजाको साहसी कदम र राजमुकुटलाई दाउमा राखेको कुरा पनि गर्न सक्छन् । मानौं, देश नेपालीहरूको नभएर राजाको पैतृक सम्पत्ति हो । राजमुकुट–राष्ट्रिय प्रतिक नभएर राजाको व्यक्तिगत शिरशोभा हो । यो बहुमूल्य भएकोले उनलाई हारजितको दाउमा राख्ने अधिकार प्राप्त छ ।

नेपालको राष्ट्रियताको इतिहासमा नेपाली भाषाको इतिहासलाई छाडेर सन् १८१६ पछिको काललाई मरूभूमियुग भने पनि हुन्छ । शासकवर्गको विजयको बाढी रोकिएपछि उनीहरूको शासन र राजनीति केवल दरबारिया षड्यन्त्रको दोस्रो नाम मात्र हुनपुगेको पाइन्छ । गोर्खालीहरूको विजय अभियानमा अप्रत्यासित रूपले एउटा ठूलो ऐतिहासिक कार्यका रूपमा नेपालको वर्तमान विस्तार गरेपछि गोरखा पल्टन र त्यसका नेतागण अरू कुनै ऐतिहासिक जिम्मेवारीको अभावमा दरबारको षड्यन्त्रको हतकण्डा वा हतियार बन्न पुगेको पाइन्छ । राष्ट्रिय भावनाको सुर्जना नभएकोले तिनीहरू राष्ट्रिय सेनामा परिणत हुन सकेनन् । राज्य विस्तारमा क्षेत्रीय विजयको मार्ग पनि अवरूद्ध भएपछि गोर्खा पल्टन केवल भरौटे पल्टन हुन पुग्यो । उनीहरू दरबारका षड्यन्त्रकारीहरूको स्वार्थसिद्धिमा प्रयोग भइदिने शक्तिको रूपमा अवतरण भए । आज पनि नेपालको पल्टन 'शाही पल्टन' मात्र भएर रहेको छ, राष्ट्रिय पल्टन हुन पाएको छैन । यसको विवेचना अर्को अवसरमा गर्नेछु । यस लेखमा शासक र उनका अनुयायीहरूले देशमा राष्ट्रियताको निर्माणका लागि आफ्नो सक्रियता देखाएनन् भन्ने मात्र मेरो उद्देश्य हो । उनीहरूबाट विभिन्न जाति र धर्मावलम्बीहरूको ठूलो नेपाली जमातलाई राष्ट्रको रूपमा गठन गर्ने प्रयास भएन । प्रशासन पनि जमिन्दारी खालको केवल तिरो उठाउने व्यवस्था मात्र बनेर गयो । त्यसमा राष्ट्र निर्माणको भवनाले पटक्कै ठाउँ पाएन । पल्टन केवल गाृर्खाली पल्टन बनेर रह्यो । विदेशीसँग मुकाबिला गर्नु नपरेको र जसको भर्तीको आधार सीमित भएकाले त्यसको दृष्टिकोण राष्ट्रिय हुन सकेन । सेना एउटा त्यस्तो तत्व हो, जसको माध्यमद्वारा विभिन्न जात तथा भाषा–भाषीहरूलाई एउटै सङ्गठनमा आबद्ध गरेर राष्ट्रियताको चेतना दिन सकिन्छ, त्यो पनि भएन । योग्यताको आधारमा वा अरू कुनै निश्चित आधारमा गठन नभएकोले कर्मचारीतन्त्र पनि राष्ट्रिय हुन सकेन । शासकको खुसीमा कर्मचारीको योग्यता निर्भर रहने हुनाले तिनीहरूमा चाकरीको मनोवृत्तिले प्रोत्साहन पायो । झन् वार्षिक पजनीको प्रणालीले गर्दा त त्यो मनेवृत्तिले चरम सीमा प्राप्त गऱ्यो । तिनीहरू राजाको नोकर भए, राष्ट्रको सेवक भएनन् ।

### नेपाली राष्ट्रियता

नेपालका शासकले नेपाली समाज र देशको हितको ध्यान राखेको भए सबैभन्दा पहिले उनको प्रयत्न नेपाली राष्ट्रियताको सृजना गर्नपट्टि लाग्ने थियो । जनताको सामूहिक प्रयासबाट नेपालको शासन व्यवस्थाको आधुनिकीकरण र नेपाली जनताको असहनीय दरिद्रताको निराकरण गर्न सकिन्थ्यो । शासनयन्त्रमा जनताको सक्रिय सहयोग तथा गरिबी मेटाउने प्रयत्नमा जनताको सामूहिक अभियान साथ–साथै हुन सकेको भए नेपाल यति पिछडिएको देश हुने थिएन । गरिबी मेटाउनका लागि प्रयुक्त र शासनयन्त्रमा सहयोगी भएको जनता ठूलो राष्ट्रिय शक्ति बन्ने थियो र नेपालको आधुनिकीकरणको बाटो सरल हुने थियो । शाह हुन् वा राणा, नेपालका कुनै राजाले पनि यस दिशापट्टि ध्यान दिएनन् । राष्ट्रियता एउटा ठूलो ऊर्जा हो, शक्ति हो भन्नेतर्फ उनीहरूको ध्यान गएन । त्यसमा ध्यान गएको भए पनि राष्ट्रिय शक्तिको उदय नै आफ्नो निहित स्वार्थका लागि घातक हुने सम्झेर त्यसको विकासका सारा बाटो थुनेर राखे । हजारौं सङ्ख्यामा नेपाली जनतालाई विदेशी पल्टनका जागिर आएर ऋण तिर्न कर लाउने तत्वले राष्ट्रियताको ढ्वाङ पिटेको किञ्चित पनि सुहाउँदैन ।

मैले भन्न खोजेको के हो भने १८१६ सालपछि नेपाल देश त बन्यो, नेपाल राष्ट्र बनाउने प्रयत्न भएन । शरीरको ढाँचा

*बाँकी ३ पेजमा*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

# सावधानीपूर्वक शैक्षिक संस्था चलाउनुपर्छ

**शैक्षिक सरोकार**

**उद्धव हमाल**



कोरोना भाइरस (कोभिड-१९) बाट विश्व नै प्रभावित भएको वर्तमान अवस्थामा शिक्षा क्षेत्र पनि पूर्ण प्रभावित छ । मन्त्री परीषदले विद्यालयहरूबाट क्वारेन्टाइन हटाउने निर्णय गरेतापनि हालसम्म विद्यालय तथा शैक्षिक संस्थाहरूमा क्वारेन्टाइन छदैछ । मावि पडरिया, मावि कसहा, सिरहा क्याम्पसमा क्वारेन्टाइन यथावत छन् । हिमाली जिल्लामा जहाँ कोरोना प्रभावित छैन त्यहाँ शिक्षा दिनुपर्छ भन्ने पनि छन् । यसैगरी केही पालिकाले अस्थायी शैक्षिक क्यालेन्डर बनाएर लागू पनि गरेको छ ।

बैकल्पिक विधि अपनाएर शैक्षिक गतिविधि अगाडि बढाउन सकिन्छ । यद्यपि यसमा सबैको पहुँच छैन, प्रभावित क्षेत्रमा बैकल्पिक शिक्षण १२५ मात्रै देखिएको छ । भर्च्युअल कक्षा र अनलाईन कक्षामा पनि काठमाडौंमा ३०५ मात्र विद्यार्थीहरु उपस्थित थिए । के त्यसो भए विद्यालय सधै बन्द राख्ने त ? ९० लाख विद्यार्थी र यसमा प्रत्येक घर परिवार जोडिएकोलाई सरकारले पहिलो प्राथमिकता र दायित्वमा राख्नु पर्ने हो तर राखेन । तीन तहको सरकारले नै शिक्षालाई प्राथमिकतामा राखेको छैन । सरकारमा इच्छाशक्ति छैन, गो टु अनलाईन अभियान संचालन गर्न सकिन्छ । शिक्षकहरू अपडेट हुनुपर्‍यो । शिक्षकले ल्यापटप चलाउनु पर्‍यो, शिक्षकलाई तालिम प्राप्त र सक्षम बनाउनु पर्‍यो ।

सामाजिक दूरी कायम गरि चौरमा पनि पढाउन सकिन्छ । यतिखेर हाम्रो देशमा शैक्षिक संस्था खोल्ने बारे कुनै संकेत छैन । शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माका अनुसार यातायात पूर्ण सुचारू भएपछि, यो कोरोना अन्यौलग्रस्त स्थिति समाप्तिपछि मात्रै शैक्षिक संस्था खुल्नेबारे भन्न सकिन्छ । त्यस्थै विद्यालय, कलेज र विश्वविद्यालय कहिले खुल्ने भन्ने निश्चित छैन । हाल खुल्ने सम्भावना पनि देखिन्दैन ।

अमेरिकामा एक हप्ता शैक्षिक संस्था खुलेपछि विद्यार्थीहरूलाई संक्रमण भयो । तत्काल सबै बन्द भए । अनि अनलाईन वा ब्याक टु भर्चुअलमा गयो । यद्यपि अमेरिक जस्तो विकसित देशमा अनलाईन कक्षाको सामग्री अभाव भएको छ । दक्षिण कोरियामा बैकल्पिक शिक्षा अगाडि बढाइएको छ, जबकि त्यहाँ प्रत्येक १० जना मध्ये ९ जनामा स्मार्ट फोन छ । जर्मनीमा शैक्षिक संस्था खोले पनि स्वेच्छिक थियो, अनिवार्य थिएन । शिक्षकलाई आँखामात्र देखिने गरि पोशाक र मास्क लगाएर पठनपाठन सुरु गरिएको थियो । खुलेको ७ दिन मै शिक्षक र विद्यार्थीहरूमा संक्रमण देखियो, हाल बन्द छ । इटलीमा सेप्टेम्बर १४ देखि कक्षा कोठा सानो र १ मिटर दूरी कायम गरि विद्यालय खोल्ने तयारी गरिदैछ । कोरोना चीनको वुहानबाट सुरु भएपनि त्यहाँ दैनिक ९ हजार विद्यार्थी ब्याक टु वुहान फर्कदैछन् । छिमेकी मुलुक भारतमा सबै शैक्षिक संस्था बन्द छन्, त्यहाँ नोभेम्बर १४ देखि खोल्ने तयारी गरेको बताइएको छ ।

भारतको बेङ्लोरमा मुद्दा जितेपछि त्यहाको कलेजहरूले सावधानी अपनाएर परीक्षा लिन पाउने अदालतले निर्णय गरेको बुझिएको छ, मेरो भतिज आयुष परीक्षा दिदैछ । यद्यपि बढदो संक्रमणले शैक्षिक संस्था खुल्ने अनिश्चितप्रायः छ । हाम्रो देशमा रोकिएको परीक्षा कहिले हुने, कक्षा १२ को परीक्षा र रिजल्ट के हुने, एसईई जस्तो हुने सम्भावना पनि छैन । राजधानी काठमाडौंमा रथ यात्रा निस्कने, ठाउँ ठाउँमा तास जुवा खुल्ने, भीड गर्ने, रमाइलो गर्ने, हाट बजार लाग्ने, पसल खुल्ने अनि शैक्षिक संस्था नखुल्ने, चलाउन नसक्ने नाम मात्रैको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यतिखेर देशमा न शिक्षा, न विज्ञान न त प्रविधि नै छ । सरकार न आफू चल्न सक्ने न त सावधानी अपनाएर चलाउन दिने ? सरकारले मछिन्द्रनाथको रथ यात्रा सावधानीपूर्वक चलाउन अनुमति दिए झै देशमा ९० लाख विद्यार्थीहरुको भविष्यलाई ध्यानमा रखेर सावधानीपूर्वक शैक्षिक संस्था चलाउनु पर्छ र चलाउन दिनुपर्छ, यसमा सबैको सहयोग आवश्यक छ ।

## राष्ट्रियता...

खडा भयो तर त्यसमा आत्मा आउन सकेन । फ्रेम बनाइयो, तर तस्बिर राखिएन । भाँडो कुँदियो, तर त्यसभित्र आवश्यक तत्व राखिएन । उक्त ऐतिहासिक विश्लेषणको प्रकाशमा 'जहिलेसुकै नेपालको एकतन्त्रीय शासनव्यवस्थाको विरुद्ध आवाज उठ्यो, त्यो राष्ट्रियताको आवाज थियो' भन्न सकिन्छ । नेपालको ऐतिहासिक सन्दर्भमा एकतन्त्रीय शासन वा हुकुमी राज्य राष्ट्रियताको घातक हो । शासनयन्त्रमा प्रजा समावेश हुनु प्रजातन्त्रको मूलभूत सिद्धान्त हो । राष्ट्रियताको भावनाबाट प्रेरित नेपाली जनताले मात्र गरिबीको चुनौतिको सामूहिक रूपबाट मुकाबिला गर्न सक्छन । प्रजातन्त्र र राष्ट्रियता नेपालको वर्तमान स्थितिमा पर्यायवाची शब्दजस्ता हुन पुगेका छन् । यस सन्दर्भमा राष्ट्रियताको विवेचना गर्दा २००७ सालको क्रान्तिको महत्व अत्यन्त ठूलो छ । सायद नेपालको इतिहासमै पहिलेपटक जनताबाट एउटा सामूहिक प्रयास गरियो । मेचीदेखि महाकालीसम्म तराई, पहाड र उपत्यकाका अनेक जति, वर्ण र धर्मावलम्बीहरूले सामूहिक आवाज उठाए । एउटा सशक्त देशव्यापी भावना जागृत भयो र राष्ट्रियताको उदय भयो । राष्ट्रियताको विकासका सन्दर्भमा २००७ सालको क्रान्ति एउटा बलियो पाइलाको प्रथम चाल थियो भन्न सकिन्छ । त्यसभन्दा पहिले नेपाली जनताले देशव्यापी रूपमा एउटै भावनामा बाँधिएर कुनै कार्य सम्पादन गरेका थिए ? २००७ सालको क्रन्तिको यस महत्वलाई बिर्सनु हुदैन । त्यस क्रान्तिले शासनव्यवस्थामा मात्र परिवर्तन ल्याएन, राष्ट्रियताको भावनाको उदय पनि गऱ्यो । कोतपर्वले पनि शासनव्यवस्था त परिवर्तन गरेको थियो । २००७ सालपछि जनतालाई प्रजातान्त्रिक अधिकार प्राप्त भएकाले राष्ट्रियताले पनि विकसित हुने मौका प्राप्त गऱ्यो । देशभरि राजनीतिक, सामाजिक पार्टीहरू स्थापित भए, जसमध्ये धेरैजसो देशव्यापी थिए । प्रत्येक पार्टीले आ-आफ्नो मञ्चबाट देशका कुना-कुनामा देशव्यापी रूपमा आफ्नो सामाजिक, अर्थिक वा राजनीतिक कार्यक्रमको घोषणा गरे । देशमा जनताको आवाज घन्किन थाल्यो । २००७ सालको प्रजातान्त्रिक क्रान्तिले राणाहरूको एकतन्त्रीय शासन मात्र समाप्त पारेन, नेपाल नेपाली जनताको हो भन्ने भावना पनि जागृत गरायो । र, त्यसले नेपाली भन्नाले धर्म, वर्ण र लिङ्गको विभेदरहित नेपाल राज्यभित्र बस्ने सम्पूर्ण नेपाली नागरिकलाई परिलक्षित गर्ने भावना सृजना गऱ्यो । राष्ट्रियताको अभिवृद्धिमा २०१५ सालको आमचुनावले मद्दत गऱ्यो । संसद एउटा राष्ट्रियसभा थियो । राजाले राष्ट्रियताको बढ्दो गतिलाई आफ्नो सैनिक बल प्रयोगद्वारा २०१७ सालमा एकैचोटि रोके । उनी २००७ देखि २०१७ सालसम्मको १० वर्षको राष्ट्रियताको उपलब्धिलाई समाप्त गरेर आफू पुनः विजेताको रूपमा प्रकट भए । 'मुकुट' २००७ सालमा एउटा राष्ट्रिय प्रतीकजस्तो भएको थियो । मुकुटधारीको आन्तरिक उद्देश्य जेसुकै भए पनि २०१७ सालमा त्यो मुकुट राष्ट्रिय प्रतीक नभएर एउटा विजेताको शिरशोभा हुन पुगेको छ ।

यस दृष्टिबाट २०१७ साल पुस १ गतेको काण्ड केवल घोर अप्रजातान्त्रिक मात्र होइन, घोर अराष्ट्रिय कदम पनि हो । जनताको मौलिक अधिकार हनन् गर्ने कदमलाई कुनै अर्थमा पनि राष्ट्रियताको कदम भन्न सकिँदैन ।-१९७१ *(स्रोत : तरुण अंक २, वाराणसी)*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) कम पाकेको माछा, मासु नखाऔं । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाऔं । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाऔं । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाऔं । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) कम पाकेको माछा, मासु नखाऔं । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाऔं । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाऔं । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाऔं । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

***आजको इन्द्रेणीमा धुम्रा नाचमा महिलाको भूमिकामा नाच गर्ने पुरुष पात्रको कथा ...***

# 'धुम्रा' नाचका सारथी



लामो कपाल, सुलुक्क शरीर, महिलाको जस्तो मुखाकृति (चेहरा) । सिंगारिएको बेलामा झट्ट हेर्दा कुनै रुपसी जस्तो देखिएपनि उनी महिला भने होइनन् । उनी हुन थारू समुदायको प्रख्यात साँस्कृतिक नाच 'धुम्रा' देखाउन तल्लिन सिरहा पडरियाका ७० वर्षीय किसन चौधरी ।

आठ वर्षको उमेरदेखि धुम्रा नाचमा महिला नर्तकीको भूमिका निर्वाह गर्दै आएका उनी अहिले बुढयौलीमा पनि संस्कृति संरक्षणमा तल्लिन छन् । बाजे मोहित हुदै काका पंचु चौधरीसम्मले 'धुम्रा' नाचलाई संरक्षण गर्दै आएपछि काकाको पालादेखि किसनमा यो नाचको पुस्ता हस्तान्तरण भएको हो ।

सानो उमेरमा लजालु, कपाल पाल्दा युवती जस्तो देखिएपछि काका पंचुले भतिज किसनलाई धुम्रा नाचका लागि मुख्य नर्तकी छानेका थिए । थारू समुदायमा जीतिया पर्व, उत्सव, भाकल अनुसार नाच टोलीले तीनदेखि १५ दिनसम्म धुम्रा नाच्छन् । धुम्रासँगै चोरकछी र धामी नाच पनि नाचिन्छ ।

ती नाचहरुमा गायन टोलीसँगै मृदंग, हारमुनियम र झ्यालीको तालमा नर्तकीहरू नाच्छन् । धुम्रा नाचमा महिलाको भेषमा नाच्ने पुरुष नर्तकी मुख्य पात्र हुन्छन । उनलाई एक जना पुरुष कलाकारले साथ दिन्छन् । वृद्ध किसनका अनुसार धुम्रामा बाजागाजासहित कम्तीमा नौ जना टोली चाहिन्छ । 'टोलीले धुम्रा नाच सुरू गरेपछि दिन रात बितेको पत्तो नपाउने र थकान महसुस हुदैन' उनले भने 'राधा र कृष्णको प्रेम र विरहको गाथा गीतमा वर्णन गरिने भएकाले पनि बेग्लै रौनक हुन्छ, शरीरमा बेग्लै रौनक हुने भएकाले पनि जोश जागरमा कमी हुदैन, १५ दिनसम्म लगातार नाच्न सक्छौ ।'

१ सय २५ रूपैयाँबाट धुम्रा नाच्न थालेको किसनको टोलीले अचेल १५ दिनसम्म धुम्रा नाचेको ५० हजार रूपैयासम्म पारिश्रमिक लिन्छन् । त्यही नाचबाट एक छोरा र चार छोरीको लालनपालन गर्न सकेका छन् । उनी भन्छन् 'थारू संस्कृति पनि जोगाएका छौं, जीविकोपार्जन पनि भएको छ ।' फनफनी घुमेर नाच्नु धुम्राको विशेषता हो । साँस्कृतिक नाचले व्यावसायिकता लिएपनि नयाँ पीढि आकर्षित हुन नसकेकोमा उनी दु :खेसो पोख्छन् ।

किसनँगै ६६ वर्षीय सुनरलाल चौधरी टोलीमा गीत गाँउछन् । १४ वर्षको उमेरदेखि धुम्रामा गित गाउन सुरु गरेका उनी गुनगुनाउन थाले ।

*बिहुँसन बोली हे कमलमुखी भमरा रितल तेरा पास*
*तोहरे सने नारी जगतमे नही तोहै धनी प्रेम पियारी...*

थारू समुदायको प्रख्यात नाच 'धुम्रा' देखाउन बुढेसकाल लागेका किसन र सुनरलालको जोडी चुक्दैन । उमेरको कारणले गला र शरीरले साथ नदिएपनि साँस्कृतिक झलक देखाउन अझै पनि ती जोडि लागिपरेका छन् ।

'थारू जातिको साँस्कृतिक रुपमा रहेको 'धुम्रा' नाच हाम्रो सम्पति हो' ती जोडीले भने 'यसलाई जोगाईराख्न नयाँ पुस्ताले पनि ध्यान दिनु जरुरी छ ।' बुढयौली उमेर भएपनि उनको टोलीले जिल्लामा हुने महोत्सवहरुमा थारु समुदायको धुम्रा नाच देखाउन पछि पर्दैनन् ।

भनिन्छ कुनै पनि जातिलाई नष्ट गर्नुछ भने उसको धर्म, भाषा, संस्कृति जस्ता पहिचान नष्ट गर्नुपर्दछ । नयाँ पुस्ताको हिन्दी गितको मोहले आफ्नो संस्कृति हराउन थालेकोमा उनीहरू गुनासो गर्छन ।

'यसको संरक्षण गर्ने नयाँ पिढीले हो' सुनरलाल चौधरी भन्छन 'संस्कृति हरायो भने पहिचान नै हराउने भएकाले धुम्रा नाच जोगाइरहन थारु समुदायको युवा तयार हुनुपर्छ ।' हुन त नयाँ पिढीले चेतनामूलक नाटक, गीत र नृत्यमा थारु युवाले थालेको सकारात्मक पक्ष भएपनि यससँगै धुम्रा नाचलाई पनि कडीका रुपमा जोड्न प्रयास थाल्नुपर्ने उनीहरूको आग्रह छ । नृत्य भनेको चरित्र निर्माण, नैतिकताको पाठ र धर्मकर्म सिकाउने गरेकाले यसले समाजमा सही छाप छोडेको स्मरण गर्दै अहिलेको पुस्ता अराजक हुनुमा आधुनिक संस्कृतिका कारण पनि रहेको उनीहरूको दाबी छ । राष्ट्रिय

# स्थानीय तह र कोभिड व्यवस्थापन

## पालिका बहस

### धरणीधर अधिकारी



वर्तमान समयमा विश्वव्यापी रूपमा फैलिएको महामारी अर्थात् कोभिड–१९ को सन्दर्भमा कोरोना, लकडाउन, निषेधाज्ञा, क्वारेन्टाइन, आइसोलेशन, पिपिई, मास्क, सेनिटाइजर, आइसियु, भेन्टिलेटर आदि जस्ता शब्दहरूसँग अनविज्ञ को होला र ? पछिल्लो क्रममा दोस्रो विश्व युद्ध भन्दा बढी त्रास र करिव सय बर्ष पहिले फालिएको स्पेनिस ˆलु भन्दा पनि बढि त्रास फैलाएको छ यस कोरोनाले । किनकी सूचना, संचार र प्रविधिमा भएको तिब्र बिकासले गर्दा विश्व एउटा हत्केलामा अटाएको कारण पनि छिनछिनका समाचार र सूचनाका कारण पनि यो भाइरसले मिडियामा भाइरल हुने अवसर पाएको छ ।

सन् २०१९ को डिसेम्बर १९ मा चीनको वुहान प्रान्तमा पहिलो पटक देखा परेको कोरोना भाइरसले आजको यस घडिसम्म विश्वमा ८ लाख ९३ हजार ४६३ जनाको मृत्यु भइसकेको छ । त्यसैगरि २ करोड ७३ लाख १२ हजार ७७३ संक्रमित भएका छन् भने १ करोड ९३ लाख ८३ हजार ५१४ जना निको भइसकेका छन् । विज्ञानको बढ्दो प्रगतिलाई कोरोना भाइरसले ठूलो चुनौति दिएको छ । विश्वको महाशक्ति राष्ट्र अमेरिका, रूस, बेलायत, क्यानाडा, चीन र भारतको समेत आज ठूलो मानवीय र आर्थिक क्षति भएको हुँदा ती राष्ट्र समेत भयभित छन् । नेपालको के कुरा गर्ने । नेपालमा २०२० जनवरी ९ मा चीनको वुहानबाट फर्केका एकजना विद्यार्थीमा सहीद शुक्रराज ट्रपिकल सेन्टरले २०२० जनवरी २३ मा पहिलो पटक कोरोना पोजेटिभ पुष्टि गरेको थियो । हाल आजका मितिसम्म नेपालमा संक्रमितको संख्या ४७ हजार २३६ र मृत्यु हुनेको संख्या ३०० जना पुगिसकेको छ । त्यसैगरि निको हुनेको संख्या ३० हजार ६७७ पुगेको छ ।

हालका दिनमा नेपालको प्रदेश नम्बर २ र संघीय राजधानी काठमाण्डौमा सबैभन्दा बढी संक्रमण बढेको छ । देशभर दुई हजार भन्दा बढी अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी समेत संक्रमित भइसकेका छन् । आज कोरोना भाइरसले देशको आर्थिक, सामाजिक, शैक्षिक, मनोसामाजिक, राजनैतिक क्षेत्र लगायत स्वास्थ्य क्षेत्रलाई अत्यन्तै नकारात्मक प्रभाव पारेको कुरा प्रष्ट छ । आज आम जनमानसमा 'जीवन रहे लाख उपाय' भन्ने मनोविज्ञान देखिन्छ । कोरोनाले हाम्रो देश नेपालको स्वास्थ्य अवस्था कहाँ र कस्तो अवस्थामा रहेछ भन्ने कुरा छर्लंग पारिदिएको छ । सुरूका दिनमा सरकारले कोरोनाको संक्रमण रोक्न र व्यवस्थापन गर्नमा चरम लापरबाही गर्‍यो । यो सामान्य रूघाखोकी हो भन्दै सबै समस्याको समाधान लकडाउनबाट मात्रै खोज्यो । जब भारत लगायतका छिमेकी देशहरूमा यसको फैलावटले तिब्र गति लियो तब बल्ल सरकारको अलिअलि भए पनि चेत खुलेको आभाष हुन थालेको छ । कोरोना रोकथाम र व्यवस्थापनका नाममा अरबौंको भ्रष्टाचारले सरकार र सरकारका मन्त्रीहरू एक पछि अर्को नांगिदैछन् । स्वास्थ्य सामग्रीको खरिदमा होस् वा गरिब, ज्यालादारी गरि खाने मजदुरलाई वितरण गरिएको राहतमा होस् वा क्वारेन्टाइन र आइसोलेशनको व्यवस्थापनमा संघीय सरकार देखि स्थानीय सरकारको आर्थिक अनियमितताले सरकारलाई नंग्याइदिएको छ । कोरोनाले हामीलाई स्वास्थ्य क्षेत्रमा स्थायी रूपमा सरकारी लगानी बढाउनु पर्ने रहेछ भन्ने कुराको लागि राम्रो अवसर र चेतना प्रदान गरेको छ । बिशेष गरेर तराईका सम्भव भएसम्म सबै जिल्लाहरूमा सरकारी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य संस्थानहरूको स्थापना गर्नुपर्ने आजको अनिवार्य आवश्यकताको बोध गराएको छ । कोभिड जस्तो महामारीमा मात्र नभएर अन्य अवस्थामा समेत जनस्वास्थ्यमा यस किसिमको स्वास्थ्य व्यवस्थापन र जनस्वास्थ्यमा गरिएको लगानीले हामीलाई दीर्घकालीन रूपमा फाइदा पुग्दछ । हाल पछिल्लो तीन वर्षको स्वास्थ्य क्षेत्रमा विनियोजित बजेटको आकार हेर्ने हो भने अत्यन्त कम छ । आर्थिक वर्ष २०७५ र ०७६, २०७६ र ०७७ र २०७७ र ०७८ मा स्वास्थ्य क्षेत्रमा क्रमशः कुल बजेटको ४.३ प्रतिशत, ४.५ प्रतिशत र ६.२ प्रतिशत रकम विनियोजन गरिएको छ । त्यसमा पनि बजेटको ८५ प्रतिशत रकम नियमित खर्चका रूपमा र करिब १५ प्रतिशत रकम मात्र स्वास्थ्य क्षेत्रको पूँजीगत विकासमा विनियोजित रकमले देशको स्वास्थ्य क्षेत्रको लक्ष्य पूरा गर्न सकिंदैन ।

**कोरोना र स्थानीय सरकार**

नेपाल संघीयतामा प्रवेश गरेर कार्यान्वयनको शुरूवाती चरणमा रहेको छ । तीनै तहको सरकारको निर्वाचन र कार्यान्वयनको सुरूकै अढाई वर्षमै कोरोना भाइरसका कारण हुने कोभिड–१९ जस्तो महामारीले हामीलाई सताएको छ । कोरोना रोकथाम तथा व्यवस्थापनामा तीन तहका सरकार मध्ये संघीय र स्थानीय सरकारको भूमिका महत्वपूर्ण देखियो भने सबै प्रदेश सरकारहरूको भूमिका नगन्य देखियो । यस विषम परिस्थितिमा स्थानीय सरकार नभइदिएको भए स्थिति अझै भयावह हने निश्चित थियो । संक्रमण नियन्त्रण, व्यवस्थापन र कार्यान्वयनका चरणहरूमा पर्याप्त बजेट अभाव रहेको भएता पनि स्थानीय निकायहरुमा भएको अनियमितता र भ्रष्टाचारले पनि स्थानीय सरकार र जनप्रतिनिधिहरु प्रति जनविश्वास गुम्दै गइरहेकै छ । सार्वजनिक खरिद ऐन र नियमावली मिचेर गरिएका स्वास्थ्य सामग्री खरिद, क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण जस्ता कार्यक्रमहरूमा स्थानीय सरकार पारदर्शी हुन सकेनन् । तथापी क्वारेन्टाइन, आइसोलेशन निर्माण, स्वाब संकलन, परीक्षण आदिको व्यवस्थापनका सन्दर्भमा स्थानीय सरकार महत्वपूर्ण रहिआएको छ ।

अधिकांश स्थानीय निकायमा सामान्य स्वास्थ्य चौकीमा मात्र भएको दक्ष स्वास्थ्यकर्मीहरूको अभाव, स्वास्थ्य सुरक्षाका सामग्री (पिपिई) को अभाव रहेको र स्वयं संक्रमित हुनसक्ने सम्भावनाका बीच पनि स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको अतुलनीय योगदानलाई कदर गर्नै पर्दछ । तराईका अधिकांश जिल्ला र अन्य पहाडी जिल्ला जो विशेषतः भारतको सीमावर्ती क्षेत्रमा अवस्थित छन् ती जिल्लाका स्थानीय निकायहरूले कम्तिमा पनि एक–एक हजार क्षमताका क्वारेन्टाइन र आइसोलेशनको निर्माण अत्यावश्यक छ । किनकि संक्रमण दिनानुदिन द्रुत गतिमा बढिरहेको छ । साथै संघीय राजधानी काठमाण्डौमा भने जनघनत्वका कारण यो हजारौंको संख्यामा व्यवस्थापन गर्नु आवश्यक छ ।

**लहान नगरको स्वास्थ्य अवस्था**

लहानमा हालसम्म कोरोना संक्रमित ७३ जना रहेका छन् भने तीन जना संक्रमित व्यक्तिको मृत्यु भइसकेको छ । त्यसमा पनि दुई जना स्वास्थ्यकर्मी र २२ जना सुरक्षाकर्मी संक्रमित भैसकेका छन् । यस स्थानीय सरकारले ७० बेड क्षमताको क्वारेन्टाइन र ५० बेड क्षमताको आइसोलेशनको निर्माण र व्यवस्थापन गरिसकेको जनाएको छ । यहाँ सरकारी स्तरबाट संचालित १२ वटा स्वास्थ्य चौकी, दुई वटा आयुर्वेदिक अस्पताल, एउटा शहरी क्लिनिक, एउटा सुरक्षित गर्भ पतन सेवा, ५५ वटा खोप केन्द्र, एक सय जना स्वास्थ्यकर्मी र एक सय ३० जना महिला स्वास्थ्य कार्यकर्ता रहेका छन् । त्यसैगरि प्रदेश सरकारबाट संचालनमा रहेको रा.उ. अस्पताल छ भने झण्डै तीन सय बेडको क्षमता भएको छिमेकी देश भारत र बंगलादेशसम्म ख्याति प्राप्त सगरमाथा चौधरी आँखा अस्पतालले लहानको परिचयलाई अझ शिखरमा पुर्‍याएको छ । त्यस्तै निजी क्षेत्रबाट संचालित चार वटा अस्पताल र दर्जनौं निजी पोलिक्लिनिक र क्लिनिकहरूबाट समेत स्वास्थ्य सेवा संचालन भइरहेको छ । झण्डै एक लाख जनसंख्या रहेको लहान नगरका लागि मात्रै हैन सिरहा, सप्तरी र उदयपुर तीन जिल्लाको संगम स्थल लहानका लागि यी स्वास्थ्य संस्था र स्वास्थ्य क्षेत्रको जनशक्ति एकदमै न्युन रहेको देखिन्छ ।

**लहानकालागि अबको बाटो**

कोरेना संक्रमणबाट बचाउन, क्वारेनटाइन र आइसोलेशन निर्माण र गरिब असहायका लागि राहत सामग्री वितरण कार्यमा सुरूका दिनमा केही टिकाटिप्पणी र विवादहरू नभएको पनि हैन । एकातिर नगरको सिमित श्रोत र साधन अनि आकस्मिक रूपमा आएको कोरोनो भाइरससँग लड्नु आफैंमा एउटा ठूलो चुनौति हो । सुरूका दिनमा विद्यालय र क्याम्पसमा राखिएको क्वारेन्टाइन र आइसोलेशन क्रमशः कम गर्दै लगिएको अवस्थामा यसकालागि वैकल्पिक व्यवस्था गर्नु नगर पलिकाकोलागि फलामको च्युरा साबित भएको छ । तसर्थ अब अत्यन्त तदारूकताका साथ यसको व्यवस्थापन गर्नकालागि स्थानीय होटल व्यवसायीहरू एवं निजी र सरकारी दुवै स्वास्थ्य संस्थाहरूँग द्रुत संबाद र छलफलका माध्यमबाट ठोस निर्णयमा पुग्न ढिलो भैसकेको छ । देशका धेरै पालिकाहरूले यो मोडालिटीलाई कार्यान्वयन गरिसकेको अवस्थामा निश्चित मापदण्ड बनाइ नगरपालिकाले आवश्यकता अनुसार केही संस्थाहरूलाई अनुदान दिएर भएपनि जनस्वास्थ्यको जटिलतालाई सम्बोधन गर्नु अहिलेको आवश्यकता हो । यसबाट बन्द अवस्थामा रहेका होटल लगायतका संस्थाहरूको सुचारूपनसगैं आर्थिक क्षेत्रको चलायमान पनि हुने र जनस्वास्थ्यमा पनि सहजता हुन जान्छ । साथै निश्चित मापदण्ड बनाइ मापदण्ड पूरा हुने भए मात्र होम क्वारेन्टाइन र होम आइसोलेशनको अनुमति प्रदान गरे पनि स्थिति सहजता तर्फ जाने छ । साथै यस अवस्थामा अत्यावश्यक स्वास्थ्य सामग्री र प्रविधि समेतको द्रुत प्रक्रियाबाट आपूर्तिको आवश्यकता छ । पीसीआर मेसिन, पिपिई, भिटिएम, आइसियु, भेन्टिलेटर लगायतका सामग्रीहरूको उपलब्धता बिना संक्रमण पहिचान र उपचार सम्भव छैन । त्यसकालागि नगरमा प्रतिधित्व गर्ने सम्पूर्ण सत्तासिन र बिपक्षी दलका जिन्मेवार प्रतिनिधीहरू, नगर भित्र रहेका सरकारीर गैर–सरकारी संघ–संस्था,सामाजिक संघ–संस्था, उद्योग वाणिज्य संघ, संचारकर्मी, नागरिक समाज, बुद्धिजीविहरूको सर्वपक्षीय सहकार्य र अधिकतम सहमति जुटाएर मात्रै नोबेल कोरेना भाइरस (कोभिड–१९) लाई परास्त गरि नागरिकको जीवन रक्षा गर्न सकिने छ । चेतना भया ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।



धनगढीमाई नगरपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।



सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा



लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी

कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)